# गण्डकी प्रदेशमा प्रदेश खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** प्रदेशभित्र नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न र खाद्य श्रृङ्खलाको सबै चरणमा वैज्ञानिक तथ्यलाई अवलम्बन गरी जनस्वास्थ्य तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य स्वच्छता तथा गुणस्तरको नियमन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "गण्डकी प्रदेश खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आधारभूत खाद्य पदार्थ" भन्नाले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको खाद्य पदार्थ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका कार्यालय सम्झनु पर्छ ।

(ग) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसायको रुपमा अपनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

(घ) "खाद्य अधिकार" भन्नाले प्रत्येक व्यक्तिको पर्याप्त, गुणस्तरीय तथा पोषणयुक्त खाद्यान्नमा नियमित उपलब्धता र सहज पहुँचको सुनिश्चिततालाई सम्झनु पर्छ।

(ङ) "खाद्य गुणस्तर" भन्नाले खाद्य पदार्थका लागि तोकिएको चारित्रिक गुण, स्तर, मात्रा, परिधि तथा स्वच्छता सम्बन्धी स्तर सम्झनु पर्छ ।

(च) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले उपभोग गर्ने जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रुपमा स्वीकार्य अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य वा पेय पदार्थ, त्यसमा प्रयोग गरिने कच्चा पदार्थ, पोषक तत्व, खाद्य योगशील (फुड एडिटिभ) वा मरमसला सम्झनु पर्छ र सो शब्दले आहारपूरक प्याकेजिङ्ग खाद्य पदार्थ, प्रशोधित पिउने पानी, मदिराजन्य पेय पदार्थ, चूइगमलाई समेत सम्झनु पर्छ ।

(छ) "खाद्य प्रणाली" भन्नाले खाद्यान्नको उत्पादन, प्रशोधन, भण्डारण, वितरण तथा उपभोग प्रणालीको समग्रतालाई सम्झनु पर्छ ।

(ज) “खाद्य व्यवसाय” भन्नाले व्यावसायिक वा सार्वजनिक प्रयोजनको लागि खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी, प्याकेजिङ्ग, सञ्चय, बिक्री वितरण, निकासी वा पैठारी गर्ने कार्य सम्झनु पर्छ सो शब्दले खाद्य पदार्थको उत्पादन, प्रशोधन, तयारी वा प्याकेजिङ्ग गरी कुनै स्थान वा भवनमा रहेर वा सडकमा घुमीफिरी वा विद्युतीय प्रणाली प्रयोग गरी अनलाइन मार्फत बिक्री वितरण गर्ने कार्य समेतलाई सम्झनु पर्छ ।

(झ) “खाद्य व्यवसायी” भन्नाले खाद्य व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ञ) “खाद्य योगशील” भन्नाले खाद्य पदार्थको रुपमा सिधै उपभोग नगरिने खाद्य पदार्थको रङ्ग, बास्ना, स्वाद कायम राख्न वा बढाउन तथा अन्य अपेक्षित गुण हासिल गर्न खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा संरक्षण गर्दा निर्धारित मापदण्ड अनुसार साधकको रुपमा प्रयोग गरिने स्वीकृत उपभोग योग्य पदार्थ सम्झनु पर्छ ।

(ट) “खाद्य स्वच्छता” भन्नाले खाद्य पदार्थ तयारी तथा उपभोग (इन्टेन्डेड युज) गर्दा मानव स्वास्थ्यका दृष्टिकोणले सुरक्षित रहेको अवस्था सम्झनु पर्छ ।

(ठ) “खाद्य स्वच्छता व्यवस्थापन प्रणाली” भन्नाले खाद्य व्यवसाय खाद्य स्वच्छता कायम गर्नका लागि आवश्यक रहेका असल उत्पादन अभ्यास(गुड म्यानुफ्याक्चरिङ्ग प्राक्टिस) असल सरसफाइ अभ्यास (गुड हाइजिनिक प्राक्टिस), हानि विश्लेषण तथा संवेदनशील बिन्दु नियन्त्रण (हाजार्ड एनालाइसिस एण्ड क्रिटिकल कन्ट्रोल प्वाइट) प्रणाली सम्झनु पर्छ र सो शब्दले खाद्य व्यवसायमा खाद्य स्वच्छता व्यवस्थापनको लागि तोकिएको यस्तै अन्य अभ्यास समेतलाई जनाउँछ ।

(ड) “खाद्य सम्प्रभुता” भन्नाले दफा १० बमोजिमको अधिकारलाई सम्झनु पर्छ ।

(ढ) “खाद्य सुरक्षा” भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यपदार्थको उपलब्धता, खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच, खाद्य स्वच्छता, खाद्य पोषणको उपभोगमा स्थिरता सम्झनु पर्छ।

(ण) “खाद्य श्रृंखला” भन्नाले उत्पादन देखि उपभोगसम्मका सम्पूर्ण चरणहरुलाई सम्झनु पर्छ।

(त) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(थ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(द) “प्रयोगशाला” भन्नाले दफा ४४ बमोजिम स्थापना हुने प्रदेश खाद्य प्रयोगशाला सम्झनु पर्छ।

(ध) “पहिचान पद्धति (ट्रेसेबिलिटि)” भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, निकासी, पैठारी तथा बिक्री वितरणका चरणहरुमा खाद्य पदार्थको अवस्थाको क्रमलाई पछ्याउने विवरणको पद्धति सम्झनु पर्छ ।

(न) “प्याकेजिङ्ग” भन्नाले खाद्य पदार्थलाई कुनै कन्टेनर, क्यान, बोटल, कार्टुन, बाकस, केज, बोरा, झिल्ली, प्लाष्टिक वा यस्तै अन्य वस्तुमा बेर्ने, पोका पार्ने, बिर्को बन्द गर्ने, राख्ने वा छोप्ने कार्य सम्झनु पर्छ ।

(प) “परिषद्” भन्नाले दफा १४ बमोजिमको परिषद् सम्झनु पर्छ।

(फ) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश सरकारको कृषि तथा खाद्य सुरक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ब) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(भ) “समिति” भन्नाले दफा १७ बमोजिमको समिति सम्झनु पर्छ।

(म) “सेवा प्रदायक” भन्नाले होटेल, मोटेल, लज, रेष्टुरेण्ट, रिसोर्ट वा बार सम्झनु पर्छ र सो शब्दले खाने वा पिउने सेवा प्रदान गर्ने क्याटरिङ्ग, क्याण्टिन, भोजनालय, मिठाई पसल, चिया पसल, चमेना गृह वा यस्तै अन्य कुनै व्यक्ति सम्झनु पर्छ ।

(य) “लक्षित घर परिवार” भन्नाले खाद्य सम्बन्धी सङ्घीय ऐन बमोजिम पहिचान भएका घर परिवार सम्झनु पर्छ ।

## परिच्छेद-२

## खाद्य अधिकार तथा खाद्य सुरक्षा सम्बन्धी व्यवस्था

३. **खाद्य अधिकारः** (१) प्रत्येक नागरिकलाई खाद्य अधिकार तथा खाद्य सुरक्षा सम्बन्धी अधिकार हुनेछ।

(२) खाद्यान्नको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने अधिकार हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा आवश्यक व्यवस्था गर्नेछ।

४. **खाद्य सुरक्षा सम्बन्धी अधिकारः** (१) प्रत्येक नागरिकलाई देहाय बमोजिम खाद्य सुरक्षाको अधिकार हुनेछः-

(क) प्रत्येक नागरिकलाई विना भेदभाव पर्याप्त तथा गुणस्तरीय खाद्यमा नियमित, सहज, सर्वसुलभ पहुँच तथा उपभोगको व्यवस्था हुने,

(ख) प्रत्येक नागरिकले तोकिएको गुणस्तरीय खाद्य पदार्थ उचित मूल्यमा खरिद गरी उपभोग गर्न पाउने ।

(२) उपदफा (१) बमोजिमका अधिकार कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले देहायका कार्यहरु गर्न सक्नेछः-

(क) प्राकृतिक विपदबाट सञ्चित खाद्य पदार्थ नष्ट भएको अवस्थामा प्रदेशले निश्चित अवधिसम्म निशुल्क वा सुपथ मूल्यमा खाद्य पदार्थ उपलब्ध गराउने,

(ख) भोकमरीको अवस्था सिर्जना भएमा खाद्यान्न उपलब्ध गराउने,

(ग) शारीरिक रुपमा अशक्त भई सहारा विहीन बनेको अवस्थामा खाद्य पदार्थ उपलब्ध गराउने ।

(३) उपदफा (१) र (२) बमोजिमका कार्य गर्न प्रदेश सरकारले नेपाल सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय गर्न सक्नेछ।

## परिच्छेद-३

## खाद्य व्यवसाय तथा व्यवसायीको संरक्षण तथा प्रवर्धन सम्बन्धी व्यवस्था

५. **खाद्य व्यवसायीलाई सहायता प्रदान गर्न सक्नेः** (१) प्रदेश सरकारले खाद्य व्यवसाय प्रवर्धनको लागि आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहायताका लागि व्यवसायीले तोकिएको निकायमा प्रस्ताव सहितको निवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सहायता समन्यायिक सिद्धान्तका आधारमा उपलब्ध गराइनेछ।

(४) खाद्य व्यवसायीलाई सहायता प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **खाद्य व्यवसायको संरक्षण तथा प्रवर्धनः** (१) प्रदेश सरकारले प्रदेशभित्र खाद्य व्यवसायको संरक्षण तथा प्रवर्धन गर्न देहाय बमोजिमका व्यवस्था मिलाउन सक्नेछः-

(क) खाद्य उत्पादन, भण्डारण, ढुवानी, प्रशोधन, वितरण तथा उपभोगको क्षेत्रमा आधुनिक तथा वातावरण मैत्री प्रविधिको प्रयोग र विस्तार गर्ने,

(ख) बजारमा गुणस्तरीय खाद्य पदार्थको उपलब्धता, पहुँच, उपभोग तथा स्थिरता कायम गर्ने ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्न प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गर्न सक्नेछ।

७. **रैथाने तथा स्थानीय खाद्य वस्तुको संरक्षण तथा प्रवर्धनः** स्थानीय खाद्य वस्तुको संरक्षण तथा प्रवर्धन गर्न प्रदेश सरकारले स्थानीय तहको समन्वयमा देहायका कार्यहरु गर्नेछः-

(क) स्थानीय स्रोतमा आधारित खाद्य उत्पादन, प्रशोधन तथा बजारीकरणलाई प्रवर्धन गर्ने,

(ख) स्थानीय खाद्य वस्तुमा उपभोक्ताहरुको सरल र सहज पहुँच सुनिश्चित गर्ने,

(ग) स्थानीय खाद्य ज्ञान तथा परम्परागत खाद्य संस्कृतिको संरक्षण गर्ने,

(घ) स्थानीय खाद्य प्रविधिसँग सम्बन्धित बौद्धिक सम्पत्ति संरक्षण तथा प्रवर्धन गर्ने।

८. **प्राङ्गारिक खाद्य वस्तु उत्पादन प्रवर्धनः** (१) प्रदेश सरकारले प्राङ्गारिक खाद्य वस्तुको उत्पादन प्रवर्धन गर्न योजना तथा कार्यक्रम बनाई सञ्चालन गर्न सक्नेछ।

(२) प्राङ्गारिक खाद्य वस्तुको उत्पादन प्रवर्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **जलवायु परिवर्तनबाट हुनसक्ने असर न्यूनीकरणः** प्रदेश सरकारले जलवायु परिवर्तनका कारण खाद्य उपभोग, उपलब्धता, पहुँच, पोषण, प्रविधि तथा गुणस्तरमा पर्ने जोखिम न्यूनीकरणका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-४

## खाद्य सम्प्रभुता सम्बन्धी व्यवस्था

१०. **खाद्य सम्प्रभुता सम्बन्धी अधिकारः** (१) खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उत्पादन, प्रशोधन, वितरण, बजारीकरण तथा उपभोग गर्ने र त्यस सम्बन्धमा सरोकार तथा सहभागिता जनाउने देहायको अधिकार सम्झनु पर्दछः-

(क) खाद्य पदार्थको उत्पादन, प्रशोधन र वितरण प्रणालीमा प्रदेशभित्र जुनसुकै नेपाली नागरिकले संलग्न भई रोजेको व्यवसाय संचालन गर्न पाउने,

(ख) खाद्य सम्प्रभुता सम्बन्धी अधिकार कार्यान्वयन गर्न नीति निर्माण प्रक्रियामा खाद्य उत्पादक, प्रशोधक, वितरक तथा उपभोक्ताको प्रतिनिधित्व गरिने,

(ग) कृषि योग्य भूमि, श्रम, बीउ विजन, प्रविधि, औजारको छनोट गर्न पाउने,

(घ) खाद्य तथा कृषि व्यवसायको विश्वब्यापिकरणको प्रतिकूल प्रभावबाट मुक्त रहने,

(ङ) परम्परागत तथा स्थानीय खाद्य प्रणाली, कृषि प्रणाली, बीउ विजन, जात, प्रजाति तथा नश्लको संरक्षण तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्न सक्ने।

(२) खाद्य सम्प्रभुता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **कृषि योग्य भूमिको दिगो व्यवस्थापनः** खाद्य उत्पादन र उत्पादकत्वमा वृद्धि विकास गर्न कृषि योग्य भूमिको दिगो व्यवस्थापन गर्न स्थानीय तहले देहायको कार्यहरु गर्नु पर्नेछः-

(क) कृषियोग्य भूमिको लगत तयार गर्ने,

(ख) स्थानीयस्तरमा रहेका बाँझो जग्गा तथा अन्य जग्गाको पहिचान गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम पहिचान गरिएका भूमिको अभिलेख राख्ने,

(घ) भूमि सम्बन्धी अभिलेख अद्यावधिक गर्ने,

(ङ) बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्न अन्य आवश्यक काम गर्ने वा गराउने ।

१२. **कृषि योग्य भूमिको दिगो उपयोगः** (१) कृषि योग्य भूमिको संरक्षण र दिगो उपयोगका लागि प्रदेश सरकार र स्थानीय तहले आपसी समन्वयमा देहाय बमोजिमको कार्य गर्न सक्नेछः-

(क) प्रचलित कानून बमोजिम पहिचान गरिएका कृषि योग्य भूमिमा खेती गर्न प्रोत्साहन गर्ने,

(ख) कृषि प्रयोजनको लागि वर्गीकरणमा गरिएको भूमिमा मनासिब कारण बिना खेती नलगाउने जग्गाधनीलाई अन्य सरकारी निकायले दिने सहयोग, सुविधा र अनुदानमा कटौती गर्ने वा सिफारिस गर्ने,

(ग) सहकारी खेती, कबुलियती खेती, करार खेती, बगर खेती वा सामूहिक खेतीलाई प्रवर्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने,

(घ) कृषि उपयोगको लागि वर्गीकरण गरिएको भूमिलाई बाँझो राख्न तथा भूमिको उपयोगको सम्बन्धमा प्रचलित कानून बमोजिम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उपयोग गर्ने वा गराउन निरूत्साहित गर्ने,

(ङ) कृषियोग्य भूमिलाई खण्डीकरण गर्नबाट रोक लगाउने।

**१३.** **<u>लक्षित खाद्य कार्यक्रम सञ्चालनः</u>** (१) प्रदेश सरकार तथा स्थानीय तहले महिला, बालवालिका, फरक क्षमता भएका व्यक्ति, गरिब, दलित, पिछडिएको क्षेत्र, लोपोन्मुख, आदिवासी, किसान, मजदुर तथा जेष्ठ नागरिकहरुको हक हितको संरक्षण लक्षित खाद्य योजना तयार गरी कार्यक्रम लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## <u>प्रदेश खाद्य परिषद सम्बन्धी व्यवस्था</u>

**१४.** **<u>प्रदेश खाद्य परिषद् सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेशमा प्रदेश खाद्य परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, कृषि क्षेत्र हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (खाद्य तथा कृषि क्षेत्र हेर्ने)-सदस्य

(ग) संयोजक, नगरपालिका संघ, गण्डकी प्रदेश -सदस्य

(घ) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ, गण्डकी प्रदेश -सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश -सदस्य

(च) सचिव, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश -सदस्य

(छ) सचिव, कृषि क्षेत्र हेर्ने मन्त्रालय, गण्डकी प्रदेश -सदस्य

(ज) अध्यक्ष, उद्योग महासंघ, गण्डकी प्रदेश -सदस्य

(झ) अध्यक्ष, राष्ट्रिय किसान महासंघ, गण्डकी प्रदेश -सदस्य

(ञ) अध्यक्ष, उपभोक्ता हित संरक्षण मञ्च, गण्डकी प्रदेश -सदस्य

(ट) खाद्यसँग सम्बन्धित विषयका विज्ञहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ठ) महाशाखा प्रमुख, कृषि क्षेत्र हेर्ने मन्त्रालय -सदस्य सचिव

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ।

(३) उपदफा (१) को खण्ड (ट) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) परिषद्ले आवश्यक ठानेमा खाद्य प्रविधि, खाद्य पोषण तथा कृषि विषयसँग सम्बन्धित व्यक्ति र सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१५.** **<u>परिषद्को बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) परिषद्को बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(२) सदस्य सचिवले परिषद्को बैठक सम्बन्धी सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची बैठक बस्ने मिति भन्दा कम्तीमा अठचालिस घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ।

(३) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) परिषद्ले गरेका निर्णयहरु अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) परिषद्को बैठक खर्च प्रदेशको प्रचलित कानून बमोजिम हुनेछ।

१६. **प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकारः** (१) दफा १४ बमोजिमको प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको खाद्य प्रणाली सुदृढीकरण गर्न प्रदेश सरकारलाई कानूनी, नीतिगत, संस्थागत विकास तथा सुधारका लागि योजना तथा कार्यक्रम सिफारिस गर्ने,

(ख) दिगो खाद्य प्रणाली विकासका लागि योजना तथा कार्यक्रम प्रदेश नीति तथा योजना आयोगमा पेस गर्ने,

(ग) खाद्य सुरक्षा सूचना निर्देशक समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिस छलफल तथा आवश्यक परिमार्जन गरी स्वीकृत गर्ने,

(घ) नेपाल सरकार, स्थानीय तह र खाद्य सुरक्षा सम्बन्धी अन्य निकायसँग समन्वय र सहजीकरण गर्ने,

(ङ) प्रदेश सरकारको नीति तथा योजना अनुरुपको कार्यक्रम बनाउन र कार्यान्वयन गर्न खाद्य सुरक्षा सूचना समितिलाई निर्देशन गर्ने,

(च) खाद्य सुरक्षा सूचना निर्देशक समितिलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने ।

(२) परिषद्ले आफ्नो आफ्नो काम कर्तव्य र अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्थाका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्नेछ। गठन भएका उपसमिति, कार्यदल वा विज्ञ समूहको कार्य क्षेत्रगत शर्त एवं कार्यविधि गठन गर्दाका बखत परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(३) परिषद्ले आफ्नो काम कर्तव्य र अधिकार मध्येको कुनै काम, कर्तव्य र अधिकार प्रयोग र पालना गर्ने गरी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रत्यायोजन गर्न सक्नेछ।

१७. **<u>खाद्य सुरक्षा सूचना निर्देशक समितिः</u>** (१) खाद्य सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्न, सूचना प्रवाहलाई प्रभावकारी बनाउन परिषद्को मातहतमा एक प्रदेश खाद्य सुरक्षा सूचना निर्देशक समिति रहनेछः-

(क) सचिव, कृषि तथा खाद्य सुरक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) महानिर्देशक, कृषि विकास निर्देशनालय -सदस्य

(ग) महानिर्देशक, पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(घ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) उपसचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(च) उपसचिव, उद्योग तथा पर्यटन मन्त्रालय -सदस्य

(छ) उपसचिव, तथ्याङ्क कार्यालय -सदस्य

(ज) उपसचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग -सदस्य

(झ) प्रमुख, भूमि व्यवस्था तथा भूमि स्रोत नक्साङ्कन महाशाखा -सदस्य

(ञ) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, -सदस्य

(ट) उपसचिव, प्रदेश खाद्य प्रयोगशाला -सदस्य

(ठ) कृषि ज्ञान केन्द्र तथा विज्ञ केन्द्र मध्येबाट अध्यक्षले तोकेको दुई जना -सदस्य

(ड) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) परिषद्को गठन नहुँदासम्म मन्त्रालयमा रहेको खाद्य सुरक्षा सूचना निर्देशक समितिले उपदफा (१) बमोजिमको निर्देशक समिति सरह कार्य गर्नेछ।

(३) खाद्य सुरक्षा सूचना निर्देशक समितिको काम, कर्तव्य र अधिकारको देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको समन्वयमा खाद्य सुरक्षा, गुणस्तर तथा पोषण सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन तथा अद्यावधिक गर्ने, गराउने,

(ख) प्रदेशको खाद्यान्न वासलात, खाद्य प्रणाली र खाद्य सुरक्षा सम्बन्धी प्रतिवेदन तयार गरी परिषदमा पेस गर्ने,

(ग) प्रदेशमा खाद्य व्यवस्थापन सूचना प्रणाली स्थापना गरी नेपाल सरकार र स्थानीय तहसँग आबद्ध गर्ने व्यवस्था मिलाउने,

(घ) दिगो खाद्य प्रणाली विकासका लागि योजना तथा कार्यक्रम तर्जुमा गरी परिषद्मा पेस गर्ने,

(ङ) आपतकालिन तथा भोकमरीको अवस्थामा खाद्य तथा पोषण सुरक्षामा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनिकरणका लागि अल्पकालिन तथा दिर्घकालिन योजना निर्माण गरी परिषद्मा पेस गर्ने,

(च) खाद्य प्रणाली रुपान्तरणका लागि सरोकारवाला निकायसँग समन्वय गरी नागरिकमा उपभोक्ता शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(छ) खाद्य सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था मिलाउने,

(ज) कृषि, पशुपन्छी तथा खाद्य सम्बन्धी असल अभ्यास कार्यान्वयन गर्ने, गराउने,

(झ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको संरक्षण र प्रवर्धनका लागि तोकिए बमोजिमका कार्य गर्ने, गराउने।

## परिच्छेद-६

## खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी व्यवस्था

१८. **खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी अधिकारः** (१) प्रत्येक नागरिकलाई स्वच्छ, स्वस्थ, गुणस्तरीय तथा पोषणयुक्त खाद्य पदार्थ उपभोग गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई आफूले उपभोग गर्ने खाद्य पदार्थ वा वस्तुको स्रोत, स्वच्छता, शुद्धता, गुणस्तर, पोषण तत्व तथा उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, वितरण प्रविधि एवम् प्रणालीबारे जानकारी प्राप्त गर्ने अधिकार हुनेछ।

(३) आम उपभोक्ता तथा खाद्य सम्बन्धी मुद्दाका पिडितलाई खाद्य वस्तुको स्वच्छता, शुद्धता, गुणस्तर तथा पोषण सम्बन्धी विषयमा अनुसन्धान तथा अभियोजनको अवस्थाबारे जानकारी प्राप्त गर्ने अधिकार हुनेछ।

१९. **खाद्य व्यवसाय दर्ताको सिफारिसः** (१) प्रदेश कानून बमोजिम खाद्य उद्योग दर्ता वा स्थापना गरी खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, सञ्चय र वितरण गर्न चाहने व्यक्तिले उद्योग दर्ता वा स्थापना गर्दा मन्त्रालयबाट सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस लिन चाहने व्यक्तिले देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी निवेदन दिनु पर्नेछः-

(क) उद्योग दर्ताको सिफारिस माग गरिएको निवेदन,

(ख) उद्योगको पुँजी, किसिम र क्षमता,

(ग) उत्पादन र प्रशोधन गर्न चाहेको खाद्य पदार्थको खाद्य स्वच्छता तथा गुणस्तर कायम गरिने प्रक्रिया सम्बन्धी प्राविधिक प्रस्ताव र तत् सम्बन्धी जनशक्तिको विवरण।

(३) उपदफा (२) बमोजिम प्राप्त कागजात तथा विवरणउपर जाँचबुझ गर्दा निवेदकले खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम गर्न सक्ने देखिएमा पाँच सय रुपैयाँ दस्तुर लिई उद्योग दर्ता गर्न सिफारिस दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको सिफारिस बमोजिम खाद्य उद्योग दर्ता भए सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) खाद्य उद्योग तथा खाद्य व्यवसाय सञ्चालनको अनुमतिपत्र सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२०. **सूचीकृत गर्नुपर्ने:** (१) यस ऐन बमोजिम प्रदेशभित्र निकासी तथा पैठारी हुने कृषि, पशुपन्छी, मत्स्यजन्य तथा खाद्य वस्तुको निकासी र पैठारीकर्ताले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निकासी तथा पैठारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **दूषित खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने:** (१) कुनै पनि व्यक्ति वा संस्थाले दूषित खाद्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन ।

(२) देहाय बमोजिमको अवस्थामा भएका खाद्य पदार्थलाई दूषित खाद्य पदार्थ मान्नु पर्नेछः-

(क) स्वास्थ्यलाई हानि नोक्सानी हुने गरी सडेगलेका, फोहोर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार पारिएको,

(ख) मानव उपभोगका लागि उपयुक्त नहुने गरी केही वा सम्पूर्ण भाग कुनै रोगी पशुपन्छी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ,

(ग) कुनै रोगकारक सुक्ष्म जीवाणु, खाद्य योगशील (फुड एडिटिभ), रङ्ग परिरक्षी (प्रिजर्वेटिभ) अन्तर विकसित वा बाह्य मिश्रित रसायन वा जीवनाशक विषादीको अवशेष, पशुजन्य औषधीको अवशेष तोकिएको अधिकतम सीमा भन्दा बढी भएको,

(घ) प्रचलित कानून बमोजिम प्रतिबन्ध लगाईएको जीवनाशक विषादी, हर्मोन वा मनोद्दिपक रसायनको प्रयोग गरेको,

(ङ) अधिकतम सिमाभन्दा बढी विकिरणयुक्त वस्तु वा पदार्थ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रयोग गरिएको वा स्वास्थ्यलाई हानि नोक्सानी हुने तवरले मिसावट गरिएको खाद्य पदार्थ।

२२. **न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने:** कसैले देहायका न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउन हुँदैनः-

(क) दफा २१ बमोजिमका खाद्य पदार्थ वाहेक यस ऐन बमोजिम तोकिएको स्वच्छता तथा गुणस्तर मापदण्ड अनुरुप नभएका खाद्य पदार्थ वा

(ख) कुनै खाद्यपदार्थको स्वभाविक गुणभन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाईएको वा अर्को कुनै वस्तु मिसावट गरिएको खाद्य पदार्थ,

तर एक भन्दा बढी मिश्रित खाद्य पदार्थमा त्यस्तो मिश्रित खाद्य पदार्थको नाम र परिमाण स्पष्ट उल्लेख भई त्यस्ता मिश्रित खाद्य पदार्थ स्वच्छ र गुणस्तरीय भएमा उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी बिक्री वितरण गर्न बाधा पर्ने छैन।

२३. **<u>ढाँटी झुक्याई खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने:</u>** देहायको कुनै कार्य ढाँटी वा झुक्याई खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राख्न वा बिक्री वितरण गर्न वा गराउनु हुँदैनः-

(क) कुनै खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण,

(ख) कुनै खाद्य पदार्थमा प्रयोग गरेको समिश्रण वा प्रविधिबारे झुट्टो जानकारी दिई वा भ्रामक दावी वा प्रचार,

(ग) न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनि ढाँटी वा झुक्याई बिक्री वितरण,

(घ) कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा अखाद्य पदार्थ वा न्यून गुणस्तरको खाद्य पदार्थ मिसाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनि बिक्री वितरण,

(ङ) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको लेबलमा प्रयोग गरिने कुनै लिखत भनाई, चिन्ह, डिजाईन लगायत विवरण झुटो वा भ्रामक रुपमा प्रस्तुत गरेमा ।

२४. **<u>बढी मात्रामा प्रयोग गर्न नहुने:</u>** कुनै खाद्य पदार्थमा खाद्य योगशील, स्वीकृत खाद्य रङ्ग तथा प्रशोधन सहयोगी पदार्थ तोकिएको मात्रा भन्दा बढी प्रयोग गर्नु वा गराउनु हुँदैन।

२५. **<u>लेबल नलगाई उत्पादन तथा बिक्री वितरण गर्न नहुने:</u>** (१) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थमा लेबल नलगाई उत्पादन, बिक्री वितरण गर्नु वा गराउनु हुँदैन ।

(२) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको लेबलमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको नाम, उत्पादकको नाम र ठेगाना,

(ख) खाद्य पर्दाथको सम्मिश्रण,

(ग) वस्तुको तौल वा आयतन, बिक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति,

(घ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(ङ) कुनै खास अवस्थाका उपभोक्ताको स्वास्थ्यलाई हानि पुऱ्याउने खालका खाद्य पदार्थको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,

(च) तोकिएको खाद्य पदार्थमा पोषणको मात्रा सम्बन्धी विवरण ।

(३) उपदफा (२) बमोजिम लेबलमा उल्लेख गर्नुपर्ने विवरण सर्वसाधारणले बुझ्ने गरी प्रदेशभित्र उत्पादन भएका खाद्य पदार्थ भए उत्पादक तथा प्रशोधनकर्ताले र निकासी वा पैठारी गरिने खाद्य पदार्थ भए निकासी वा पैठारीकर्ताले नेपाली वा अंग्रेजी भाषामा लेख्नु पर्नेछ। नेपाली वा अंग्रेजी भाषाका अतिरिक्त अन्य कुनै भाषामा पनि त्यस्तो विवरण लेख्न सकिनेछ ।

(४) प्रदेशभित्र उत्पादन तथा प्रशोधन हुने र नेपाली बजारमा बिक्री वितरण हुने खाद्य पदार्थमा लगाइने लेबलमा उपदफा (३) बमोजिम लेखिने भाषा छनौट गर्दा नेपाली भाषालाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम लेबल नलगाइएको खाद्य पदार्थ प्रदेशमा पैठारी र बिक्री वितरण गर्न पाइने छैन ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रुपमा बिक्री वितरण गरिने तरकारी, फलफूल लगायतका खाद्य पदार्थ बिक्री वितरण गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गर्न अनिवार्य हुने छैन ।

तर, पैठारी भएका तरकारी र फलफूलको प्याकेजिङ्गमा लेबल लगाउनु पर्नेछ।

२६. **विज्ञापन तथा उपहार सम्बन्धी व्यवस्थाः** (१) कुनै पनि खाद्य व्यवसायीले खाद्य सम्बन्धी भ्रमपूर्ण तथा झुटो प्रचारप्रसार गर्नु वा गराउनु हुँदैन।

(२) कुनै पनि खाद्य व्यवसायीले व्यवसायिक लाभ हासिलका निमित्त खाद्य पदार्थमा विशेष छुट तथा उपहारको व्यवस्था गरी बिक्री वितरण गर्दा वा गराउँदा सो कार्यबाट उपभोक्तालाई हानि, नोक्सान वा क्षति भएमा सो सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यवसायीको हुनेछ।

२७. **आकस्मिक निरीक्षण गर्न सक्नेः** (१) मन्त्रालय, प्रयोगशाला वा खाद्य निरीक्षकले खाद्य व्यवसायी वा सेवा प्रदायकले बिक्री वितरण गरिरहेको वा बिक्रीमा राखेको खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरका सम्बन्धमा आकस्मिक निरीक्षण गर्न वा गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आकस्मिक निरीक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षणपछि उपयुक्त माध्यमबाट चौबिस घण्टाभित्र मन्त्रालय वा कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ ।

२८. **नमूना सङ्कलन तथा परीक्षण गर्नेः** (१) खाद्य निरीक्षकले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा वा यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकृत वा खाद्य निरीक्षकले कुनै खाद्य पदार्थ निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको शङ्का लागेमा त्यस्तो खाद्य पदार्थको तोकिए बमोजिम नमूना सङ्कलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलित नमूना प्रयोगशालामा परीक्षण गरी त्यस्तो खाद्य पदार्थ निर्धारित गुणस्तर वा मापदण्डभन्दा न्यूनस्तरको रहेको वा मानव उपभोगको लागि असुरक्षित वा दूषित रहेको देखिएमा यस ऐन बमोजिम कारबाही गरी उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

२९. **बिक्री वितरणमा रोक लगाउन सक्ने:** (१) यस ऐन बमोजिम निर्धारित स्वच्छता तथा गुणस्तर प्रतिकूलको खाद्य पदार्थ बिक्री वितरण गरेको शङ्का गर्ने मनासिब आधार भएमा मन्त्रालय वा कार्यालय प्रमुखको स्वीकृति लिई मन्त्रालय वा कार्यालयको अधिकृत वा खाद्य निरीक्षकले त्यस्तो खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन वा बिक्री वितरणबाट हटाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश दिँदा त्यस्तो खाद्य पदार्थ तत्काल सडीगली जाने वा नष्ट हुने प्रकृतिको भए बिक्रीबाट हटाउन र सो बाहेक अन्य प्रकृतिको भए सिलबन्दी गरी सम्बन्धित खाद्य व्यवसायीलाई जिम्मा लगाई त्यसको भरपाई लिई सोको बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूनाको परीक्षण प्रतिवेदन बढीमा पन्ध्र दिनभित्र प्राप्त भइसक्ने गरी परीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा त्यस्तो खाद्य पदार्थ यस ऐन बमोजिम स्वच्छ र गुणस्तरीय देखिएमा परीक्षणको प्रतिवेदन प्राप्त भएको चौबिस घण्टाभित्र सिलबन्दी र रोक्का फुकुवा गर्ने आदेश गरी सोको जानकारी सम्बन्धित खाद्य व्यवसायीलाई दिनु पर्नेछ ।

३०. **खाद्य पदार्थ नष्ट गर्न सक्ने:** (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थ स्पष्ट रुपमा देखिने गरी सडेगलेको, कुहिएको, कीरा परेको वा फोहोर मिसिएको, दूषित खाद्य पदार्थ, उपभोग गरिसक्नु पर्ने अवधि समाप्त भई वा अन्य कारणबाट निर्धारित गुणस्तरभन्दा न्यूनस्तरको रहेको पाइएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्ने खाद्य निरीक्षक वा अधिकारीले त्यस्तो खाद्य पदार्थ स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा उपयुक्त तवरले नष्ट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाद्य पदार्थ नष्ट गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३१. **आदेश दिन सक्ने:** (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य व्यवसायी वा सेवा प्रदायकले यो ऐन वा यस अन्तर्गत बनेको नियमावली बमोजिम पूरा गर्नु पर्ने दायित्व पूरा गरेको नपाइएमा त्यस्तो दायित्व पूरा गर्ने व्यवस्था गर्न अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले निश्चित अवधि तोकी सम्बन्धित खाद्य व्यवसायी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेशको पालना गर्नु सम्बन्धित खाद्य व्यवसायी वा सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश दिइएकोमा सोको व्यहोरा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीले मन्त्रालय वा कार्यालयमा पेस गर्ने प्रतिवेदनमा समेत खुलाउनु पर्नेछ ।

३२. **खाद्य पदार्थ फिर्ता गर्ने:** (१) कुनै खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारी गर्ने खाद्य व्यवसायीले आफूले उत्पादन, प्रशोधन वा पैठारी गरेको कुनै ब्याच वा लटको खाद्य पदार्थ बिक्री वितरणको लागि बजारमा पठाएपछि त्यस्तो खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारीको क्रममा भएको त्रुटी, कमी

कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन वा प्रचलित कानून बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित नरहेको आधिकारिक जानकारीमा आएमा त्यस्तो खाद्य पदार्थ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारीको क्रममा भएको त्रुटी, कमी कमजोरी वा अन्य कुनै कारणबाट यस ऐन वा प्रचलित कानून बमोजिम तोकिएको स्वच्छता, गुणस्तर वा मापदण्ड अनुरुप नभएको वा मानव उपभोगको लागि सुरक्षित नरहेको पाइएमा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणमा जाने अधिकारीको प्रतिवेदनको आधारमा मन्त्रालय वा कार्यालयको तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थको उत्पादन गर्ने, प्रशोधन गर्ने वा पैठारी गर्ने खाद्य व्यवसायीलाई त्यस्तो खाद्य पदार्थ बजारबाट तत्काल फिर्ता गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको आदेश उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम फिर्ता माग गरिएको वा उपदफा (२) बमोजिम फिर्ता गर्न आदेश दिइएको खाद्य पदार्थको कसैले पनि बिक्री वितरण गर्नु वा गराउनु हुँदैन ।

(५) उपदफा (१) वा (२) बमोजिम खाद्य पदार्थ फिर्ता गर्दा लाग्ने खर्च त्यस्तो खाद्य पदार्थको उत्पादन, प्रशोधन वा पैठारी गर्ने खाद्य व्यवसायी आफैंले व्यहोर्नु पर्नेछ ।

३३. **प्रमाणीकरण सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले कुनै खाद्य पदार्थलाई उत्पादन, प्रशोधन, भण्डारण, वितरण प्रणाली तथा खाद्य पदार्थको स्रोत, अवस्था, चारित्रिक गुण, औषधीय गुण, स्वच्छता, पोषण तत्वको मूल्याङ्कनका आधारमा प्रमाणीकरण गर्न सक्नेछ ।

(२) प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## खाद्य प्रविधि तथा पोषण सम्बन्धी व्यवस्था

३४. **खाद्य प्रविधि तथा पोषण सम्बन्धी अधिकारः** (१) प्रदेशभित्र खाद्य उत्पादक, व्यवसायी र उपभोक्तालाई आधुनिक तथा परम्परागत खाद्य प्रविधिको छनौट, विकास तथा प्रयोग गर्ने अधिकार हुनेछ।

(२) प्रदेशभित्र रहेका प्रत्येक नागरिकलाई पोषण सुरक्षा सम्बन्धी अधिकार हुनेछ।

३५. **पोषण सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले नागरिकको पोषण सुरक्षा कायम गर्न देहाय बमोजिमका कार्य गर्न सक्नेछः-

(क) उन्नत रैथाने तथा स्थानीय बालीमा आधारित परम्परागत खाद्य पदार्थ, प्रविधिको विकास, विविधिकरण, संरक्षण र बजारीकरणको प्रवर्धन गर्ने,

(ख) खाद्य पोषण शिक्षा तथा जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्ने,

(ग) स्तरोन्नति गरिएका बाली तथा खाद्य पदार्थको उत्पादन र प्रवर्धन गर्ने।

३६. **अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले खाद्य प्रविधि तथा पोषणको क्षेत्रमा परम्परागत प्रविधि प्रयोगको प्रवर्धन तथा नवप्रवर्तनको विकास सम्बन्धी कार्य गर्न, गराउन सक्नेछ।

(२) अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी अन्य कार्य तोकिए बमोजिम हुनेछ।

३७. **केन्द्र स्थापना गर्न सक्नेः** (१) प्रदेश सरकारले खाद्य प्रविधि तथा पोषणको क्षेत्रमा नवप्रवर्तन खोज, विकास तथा विस्तार सम्बन्धी कार्य गर्न अनुसन्धान तथा तालिम केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्र सञ्चालनका लागि बजेट तथा जनशक्ति सम्बन्धी व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

## परिच्छेद-८

## खाद्य व्यवसायीको दायित्व

३८. **उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ताको दायित्वः** खाद्य पदार्थको उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ताले खाद्य पदार्थको उत्पादन, प्रशोधन वा प्याकेजिङ्ग गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दफा २१ र २२ बमोजिम खाद्य पदार्थ दूषित वा न्यूनस्तरको नरहेको सुनिश्चित गर्ने,

(ख) खाद्य पदार्थको उत्पादन, प्रशोधन वा प्याकेजिङ्ग गर्दा खाद्य स्वच्छता तथा व्यवस्थापन प्रणाली अवलम्बन गर्ने,

(ग) खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग गर्ने स्थान र परिसर सफा राख्ने,

(घ) मन्त्रालय वा प्रयोगशाला वा खाद्य निरीक्षकले माग गरेको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग सम्बन्धी विवरण समयमै उपलब्ध गराउने,

(ङ) सरुवा वा संक्रमित रोग लागेका कामदारलाई त्यस्तो रोग निको नभएसम्मको लागि खाद्य उत्पादन, प्रशोधन तथा प्याकेजिङ्गको काममा नलगाउने,

(च) मन्त्रालय, प्रयोगशाला वा खाद्य निरीक्षकले निश्चित अवधिका लागि रोक लगाएका खाद्य पदार्थ उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग नगर्ने वा नगराउने,

(छ) खाद्य स्वच्छता तथा गुणस्तर कायम राख्न तोकिए बमोजिमका विज्ञ वा प्राविधिक जनशक्तिको व्यवस्था गर्ने,

(ज) खाद्य व्यवसायीले अवलम्बन गरेको प्रविधिलाई परिवर्तन वा रुपान्तरण गर्न चाहेमा सम्बन्धित निकायमा जानकारी गराउनु पर्ने,

(झ) पहिचान पद्धति (ट्रेसेबिलिटि) कायम गर्ने ।

३९. **पैठारीकर्ताको दायित्वः** खाद्य पदार्थको पैठारीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) प्रदेशभित्र खाद्य पदार्थ पैठारीकर्ता प्रदेश मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनुपर्ने,

(ख) मन्त्रालयले तोकेको कार्यालय वा खाद्य निरीक्षकलाई खाद्य पदार्थको विवरण उपलब्ध गराउने,

(ग) पहिचान पद्धति (ट्रेसेबिलिटि) कायम गर्ने ।

४०. **<u>ढुवानीकर्ताको दायित्वः</u>** खाद्य पदार्थको दुवानीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) दूध, माछा, मासु, अण्डा, तरकारी तथा फलफूल लगायत छिट्टै गुणस्तर बिग्रने प्रकृतिका खाद्य पदार्थ प्रचलित मापदण्ड अनुरुपको ढुवानीको साधनबाट ढुवानी गर्ने,

(ख) खाद्य पदार्थ र अखाद्य पदार्थसँगै राखेर ढुवानी नगर्ने,

(ग) ढुवानी गरिने खाद्य पदार्थको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्ने,

(घ) ढुवानी गर्दा खाद्य पदार्थको स्वच्छता, गुणस्तर तथा सुरक्षात्मक व्यवस्था अवलम्बन गर्ने।

४१. **<u>सञ्चयकर्ताको दायित्वः</u>** खाद्य पदार्थको सञ्चयकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको गुणस्तरमा ह्रास नआउने गरी सञ्चय गर्ने,

(ख) खाद्य पदार्थको सञ्चय गर्ने स्थान तथा भण्डार स्वच्छ, सफा र सुरक्षित राख्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुसार तोकिए बमोजिमको आर्द्रता र तापक्रमको व्यवस्था मिलाई सञ्चय गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता र गुणस्तरमा ह्रास आउने प्रकृतिको कुनै कार्य नगर्ने,

(ङ) खाद्य पदार्थको लेबलको विवरणमा कुनै किसिमको फेरबदल नगर्ने,

(च) पहिचना पद्धति (ट्रेसेबिलिटि) कायम गर्ने।

४२. **<u>बिक्रेताको दायित्वः</u>** खाद्य पदार्थको बिक्रेताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) खाद्य पदार्थको प्रकृति अनुसार गुणस्तरमा कमी नआउने गरी उपयुक्त बिक्री कक्षको व्यवस्था गर्ने,

(ख) तोकिएको मापदण्ड बमोजिम हुने गरी खाद्य पदार्थ बिक्री वितरण गर्ने,

(ग) खाद्य पदार्थको प्रकृति अनुरुप सोकेस वा बिक्री कक्षमा तोकिए बमोजिमको आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने,

(घ) लेबल लगाउनु पर्ने खाद्य पदार्थमा लेबल नभएका र उपभोग अवधि समाप्त भएका खाद्य पदार्थ बिक्री वितरण नगर्ने,

(ङ) खाद्य पदार्थ बिक्री गर्दा अनिवार्य बिल उपलब्ध गराउनु पर्ने,

(च) पहिचान पद्धति (ट्रेसेबिलिटि) कायम गर्ने।

४३. **<u>सेवा प्रदायकको दायित्वः</u>** सेवा प्रदायकले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) उपलब्ध गराएको खाद्य पदार्थ तोकिएको मापदण्ड बमोजिम हुनु पर्ने,

(ख) खाद्य पदार्थको प्रकृति अनुरुप बिक्री सोकेस वा कक्षमा तोकिए बमोजिमको आवश्यक आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने,

(ग) खाद्य पदार्थ तयारी तथा वितरण गर्ने स्थान तथा परिसर स्वच्छ र सफा राख्ने,

(घ) पहिचान पद्धति (ट्रेसेबिलिटि) कायम गर्ने।

## परिच्छेद-९

## <u>खाद्य प्रयोगशाला तथा जनशक्ति सम्बन्धी व्यवस्था</u>

४४. **<u>खाद्य प्रयोगशाला सम्बन्धी व्यवस्थाः</u>** प्रदेश सरकारले खाद्य पदार्थको स्वच्छता, गुणस्तर, पोषण सम्बन्धी अनुसन्धान, परीक्षण, विश्लेषण गर्न प्रदेश खाद्य प्रयोगशाला स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना गर्दा प्रचलित कानूनले निर्धारण गरेको न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ ।

(३) प्रयोगशाला सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **<u>आवश्यक स्रोत तथा जनशक्ति व्यवस्थापनः</u>** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्था गर्नेछ ।

## परिच्छेद-१०

## <u>अनुगमन तथा निरीक्षण</u>

४६. **<u>खाद्य निरीक्षक सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य गर्न देहायको योग्यता भएको कर्मचारीलाई खाद्य निरीक्षक तोक्न सक्नेछः-

(क) खाद्य विज्ञान वा खाद्य प्रविधि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी खाद्य अनुगमन नियमन सम्बन्धी आधारभूत तालिम लिएका, वा

(ख) विज्ञान वा प्रयोगशाला प्रविधि वा खाद्य प्रविधि विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी खाद्य परीक्षण वा निरीक्षण सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेका,

(२) खाद्य निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य उत्पादक, प्रशोधनकर्ता, प्याकेजिङ्गकर्ता, पैठारीकर्ता, निकासीकर्ता, सञ्चयकर्ता, विक्रेता, सेवा प्रदायकले यस ऐन वा प्रचलित ऐनमा तोकिएका दायित्वहरु पूरा गरेको वा नगरेको विषयमा अनुगमन तथा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा मापदण्ड पालना भए वा नभएको विषयमा नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने,

(ग) कसैले यस ऐन विपरीत खाद्य पदार्थ उत्पादन, प्रशोधन, सञ्चय, पैठारी वा बिक्री वितरण गरेको शङ्का लागेमा वा कुनै माध्यमबाट जानकारी प्राप्त भएमा तत्काल अनुगमन, निरीक्षण तथा जाँचबुझ गर्ने वा त्यस्तो खाद्य पदार्थको नमूना सङ्कलन गर्ने,

(घ) खण्ड (ग) बमोजिम सङ्कलित नमूना परीक्षण तथा विश्लेषणका लागि सार्वजनिक खाद्य विश्लेषक वा अधिकार प्राप्त अधिकारी समक्ष पठाउने,

(ङ) अनुगमन, निरीक्षण तथा जाँचबुझका क्रममा खाद्य व्यवसायी वा अन्य सम्बन्धित व्यक्तिसँग आवश्यक विवरण वा जानकारी माग गर्ने,

(च) कसैले यस ऐन विपरीत खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, बिक्री वितरण वा व्यवसाय संचालन गरेको पाइएमा त्यस्ता खाद्य पदार्थको नमूना लिई निश्चित अवधिको लागि सो खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय वा बिक्री वितरणमा स्थानीय तहको सम्बन्धित वडाको अध्यक्ष, सदस्य वा स्थानीय प्रशासनको प्रतिनिधिको रोहवरमा रोक लगाउने,

(छ) अनुगमन, निरीक्षण तथा जाँचबुझका क्रममा कसैले यस ऐन विपरीत हुने गरी खाद्य व्यवसाय वा खाद्य सम्बन्धी कुनै कार्य गरेको कारणबाट सर्वसाधारणमा व्यापक क्षति पुगेको वा पुग्न सक्ने अवस्था भएमा उच्च स्तरको जाँचबुझका लागि मन्त्रालयमा पठाउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

४७. <u>अनुगमन गर्न सक्नेः</u> (१) मन्त्रालयले अनुगमन समिति गठन गरी यस ऐन बमोजिम खाद्य सुरक्षा, स्वच्छता, गुणस्तर, पोषण अवस्थाको अनुगमन गर्न गराउन सक्नेछ।

(२) अनुगमन समिति गठन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## <u>कसूर तथा दण्ड सजाय सम्बन्धी व्यवस्था</u>

४८. <u>जरिवाना सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐन बमोजिम देहायको कार्य गरे गराएको पाइएमा अधिकार प्राप्त अधिकारीले जरिवाना गर्न सक्नेछः-

(क) दफा १९ र २० विपरीतको काम कारबाही गर्ने गराउनेलाई बीस हजार रुपैयाँसम्म जरिवाना,

(ख) दफा २६ विपरीतको काम कारबाही गर्ने गराउनेलाई दश हजार रुपैयाँसम्म जरिवाना।

(२) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलनको काममा खटिएको खाद्य निरीक्षकले देहायको अवस्था भएमा तत्काल पाँच हजार देखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलनको काममा बाधा वा अवरोध सिर्जना गरेमा,

(ख) खुला रुपमा बिक्री वितरण गरिने खाद्य पदार्थको मूल्य सूची उल्लेख नगरेमा,

(ग) प्रत्यक्ष देखिने रोग, किराबाट संक्रमित साथै मापदण्ड भन्दा बढी निष्क्रिय वस्तु मिसिएको खाद्य पदार्थको बिक्री वितरण गरेमा,

(घ) खाद्य स्वच्छताका आधारभूत मापदण्ड बमोजिमको उपकरण प्रयोग नगरेमा,

(ङ) खाद्य उद्योग तथा व्यवसाय सञ्चालन स्थल, भण्डार स्थल, परिसर, उपकरणको उचित सरसफाई नभएमा,

(च) उत्पादन आचारसंहिता, स्टान्डर्ड अपरेटिङ्ग प्रोसिड्युर(एस.ओ.पी), असल उत्पादन अभ्यास पालना नगरेमा,

(छ) प्रचलित कानून बमोजिम दर्ता हुनुपर्ने निकायमा दर्ता नगरी व्यवसाय सञ्चालन गरेमा,

(ज) उत्पादन स्थलभित्र पशुपन्छी तथा अन्य जीवहरुको प्रवेशबाट संक्रमण हुने अवस्था देखिएमा,

(झ) खाद्य व्यवसायीले प्रयोग गर्ने उपकरण तथा प्रविधि तोकिएको मापदण्ड अनुरुप नभएमा,

(ञ) तोकिए बमोजिमका अन्य व्यवस्था भएमा ।

**४९. <u>प्रचलित सङ्घीय कानून बमोजिम हुनेः</u>** दफा ४८ बमोजिमको जरिवानाका अतिरिक्त प्रचलित सङ्घीय कानून बमोजिम थप सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-१२

## <u>विविध</u>

**५०. <u>नमूना विश्लेषणका लागि अनुरोध गर्न सक्नेः</u>** खाद्य पदार्थको उपभोगबाट कसैको मृत्यु भएमा वा गम्भीर स्वास्थ्य समस्या, संक्रमण वा अङ्गभङ्ग भएमा सो सम्बन्धी परीक्षण गर्न मन्त्रालयले सम्बन्धित सङ्घीय निकायमा पठाउन सक्नेछ ।

**५१. <u>खाद्य तथा पोषण सुरक्षा योजना सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारले खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खाद्य तथा पोषण सुरक्षा योजना तर्जुमा गर्दा खाद्य अधिकारको कार्यान्वयनमा भएको प्रगति अनुगमनका सूचकाङ्क मानकलाई आधार मान्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचना सङ्कलन गर्न आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्न प्रदेशस्तरमा एक खाद्य सुरक्षा सूचना प्रणालीको स्थापना गरी नेपाल सरकार र स्थानीय तहसँग आवद्ध गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) प्रदेश सरकारले खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभुता प्रवर्धनका विषयलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

(५) प्रदेश सरकारले नियमित रुपमा खाद्य सुरक्षाको अवस्थाबारे जानकारी लिन प्रदेशमा खाद्य सुरक्षा अनुगमन प्रणालीको व्यवस्था गर्नेछ।

**५२.** **<u>उपभोक्ताको दायित्वः</u>** उपभोक्ताले प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वका अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) आफूले खरिद तथा उपभोग गर्ने खाद्य पदार्थ गुणस्तरीय भए नभएको यकिन गरेर मात्र खरिद गर्ने,

(ख) प्याकेजिङ्ग भएको खाद्य पदार्थ खरिद गर्दा उत्पादन मिति र उपभोग गरी सक्नु पर्ने मिति यकिन गरेर मात्र खरिद गर्ने,

(ग) कम गुणस्तरीय खाद्य पदार्थ बिक्री वितरण भईरहेको जानकारी भएमा खाद्य निरीक्षण गर्ने कार्यालयलाई जानकारी दिने ।

**५३.** **<u>निकासी तथा पैठारीमा रोक लगाउन सक्नेः</u>** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित खाद्य पदार्थको निकासी तथा पैठारीमा रोक लगाउन सक्नेछ ।

**५४.** **<u>असल नियतले गरेको कामको बचाउः</u>** प्रदेश खाद्य परिषद, खाद्य सूचना निर्देशक समिति, मन्त्रालय, कार्यालय, अनुगमन समिति, खाद्य निरीक्षक वा प्रदेश सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारबाही प्रति निज व्यक्तिगत रुपले जवाफदेही हुने छैन ।

**५५.** **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा व्यवस्था भएका विषयमा यसै ऐन बमोजिम हुने र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**५६.** **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**५७.** **<u>नियम, कार्यविधि, निर्देशिका बनाउने अधिकारः</u>** प्रदेश सरकारले यो ऐनको कार्यान्वयनको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ।

**५८.** **<u>मापदण्ड बनाई लागु गर्न सक्नेः</u>** मन्त्रालयले आफूले सम्पादन गर्नुपर्ने काम सुचारु रुपले सञ्चालन गर्ने गराउने प्रयोजनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**५९.** **<u>खारेजी र बचाउः</u>** (१) गण्डकी प्रदेश खाद्य परिषद् गठन तथा सञ्चालन आदेश, २०७८ खारेज गरिएको छ।

(२) गण्डकी प्रदेश खाद्य परिषद् गठन तथा सञ्चालन आदेश, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।